## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्तिको लागि दरखास्त आव्हान गरिएको सूचना

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विभिन्न तहमा अध्ययनरत तथा अध्ययन गर्न चाहने जेहेन्दार वा आर्थिक अवस्था कमजोर वा अन्य रुपमा पिछडिएको क्षेत्रका विद्यार्थीहरुका लागि यस संस्थाद्वारा आर्थिक वर्ष २०८०/८१ को छात्रवृत्तिका लागि तल उल्लेखित समूहमा दरखास्त आव्हान गरिएको छ ।

क) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विभिन्न तहमा अध्ययनरत जेहेन्दार विद्यार्थीहरुको लागि उनीहरुले प्राप्त गरेको शैक्षिक योग्यताको आधारमा ।

ख) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विभिन्न तहमा अध्ययनरत आर्थिक रुपमा विपन्न विद्यार्थीहरुको लागि उनीहरुले प्राप्त गरेको शैक्षिक योग्यताको आधारमा ।

ग) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विभिन्न तहमा अध्ययनरत सामाजिक, भौगोलिक शारीरिक तथा अन्य रुपमा पिछडिएका आर्थिक रुपमा विपन्न विद्यार्थीहरुको लागि उनीहरुले प्राप्त गरेको शैक्षिक योग्यताको आधारमा ।

समूह (क) अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि कागजातहरु : **DOWNLOAD**

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको तीनै तहमा अध्ययनरत तथा अध्ययन गर्न चाहने विद्यार्थीहरुले यस समूह अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि तोकिएको शैक्षिक तहको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको विद्यार्थी स्वयमले प्रमाणित गरेको प्रतिलिपि बुझाउनु पर्नेछ । उक्त शैक्षिक उपाधिमा तल उल्लेखित न्यूनतम अंक प्राप्त गरेको हुनु पर्ने छ ।

- चार्टर्ड एकाउन्टेन्सी शिक्षाको CAP-I तहका विद्यार्थीहरुले दश जोड दुई परीक्षामा न्यूनतम ९०% वा ३.६ GPA/CGPA प्राप्त गरेको हुनुपर्ने छ ।
- चार्टर्ड एकाउन्टेन्सी शिक्षाको CAP-II तहका विद्यार्थीहरुले CAP-I तहको परीक्षामा न्यूनतम ७५% अंक प्राप्त गरेको हुनु पर्ने छ । तथा अन्य शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरी CAP-II तहमा भर्ना भएका विद्यार्थीहरुले उक्त तहमा न्यूनतम ८०% अंक प्राप्त गरेको हुनु पर्ने छ ।
- चार्टर्ड एकाउन्टेन्सी शिक्षाको CAP-III तहका विद्यार्थीहरुले CAP-II तहको परीक्षामा न्यूनतम ६५% अंक प्राप्त गरेको हुनु पर्ने छ ।

यस समूह अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि, २०६३ को अनुसूची २(क) बमोजिमको छात्रवृत्ति दरखास्त फाराम भर्नु पर्ने छ ।

समूह (ख) अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि कागजातहरु : **DOWNLOAD**

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको तीनै तहमा अध्ययनरत तथा अध्ययन गर्न चाहने विद्यार्थीहरुले यस समूह अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि तोकिएको शैक्षिक तहको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको विद्यार्थी स्वयम्ले प्रमाणित गरेको प्रतिलिपि तथा स्थानीय निकायबाट परिवारको आर्थिक अवस्था प्रमाणित गरेको सक्कल कागजात बुझाउनु पर्ने छ ।

यस समूह अन्तरगत छात्रवृत्तिका लागि निवेदन दिनको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि, २०६३ को अनुसूची २(ख) बमोजिमको छात्रवृत्ति दरखास्त फाराम भर्नु पर्ने छ ।

DOWNLOAD

समूह (ग) अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि कागजातहरु :

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको तीनै तहमा अध्ययनरत तथा अध्ययन गर्न चाहने विद्यार्थीहरुले यस समूह अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि तोकिएको शैक्षिक तहको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको विद्यार्थी स्वयमले प्रमाणित गरेको प्रतिलिपिको साथै तल उल्लेखित कागजातहरु बुझाउनु पर्ने छ ।

- सरकारी वा सामुदायिक विद्यालय वा कलेजबाट शैक्षिक उपाधि हासिल गरेका विद्यार्थीहरुले सो प्रमाणित गरिएको सक्कल कागजात बुझाउनु पर्ने छ ।
- शारीरिक रुपमा अशक्त हो भने कस्तो प्रकारको शारीरिक अशक्तता हो सोको प्रमाणित कागजात बुझाउनु पर्ने छ ।
- भौगोलिक रुपमा पिछडिएको क्षेत्रमा स्थायी बसोबास रहेको विद्यार्थीहरुले नागरिकताको प्रमाणपत्र बमोजिमको स्थायी बसोबास रहेको स्थान छात्रवृत्तिको निवेदन फाराममा खुलाउनु पर्ने छ ।
- स्थानीय निकायबाट परिवारको आर्थिक अवस्था प्रमाणित गरेको सक्कल कागजात बुझाउनु पर्ने छ ।

यस समूह अन्तर्गत छात्रवृत्तिको निवेदन दिनका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, छात्रवृत्ति कार्यविधि, २०६३ को अनुसूची २(ग) बमोजिमको छात्रवृत्ति दरखास्त फाराम भर्नु पर्ने छ ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विभिन्न तहमा अध्ययनरत तथा अध्ययन गर्न चाहने विद्यार्थीहरुको साथै परीक्षा दिएर बसेका विद्यार्थीहरुले समेत सोही तहको लागि छात्रवृत्तिको दरखास्त आवेदन फाराम भर्न सक्नु हुनेछ ।

छात्रवृत्तिको दरखास्त आवेदन फाराम संस्थाको सातदोबाटो, ललितपुर स्थित प्रधान कार्यालय तथा शाखा कार्यालयहरुबाट वा संस्थाको वेभसाइट www.ican.org.np बाट Download गर्न सकिने छ । छात्रवृत्तिको दरखास्त आवेदन फाराम तोकिएका आवश्यक कागजात सहित मिति २०८० पुस १३ गते देखि २०८० माघ १४ गते भित्र बुझाउन हुन सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। रितपुर्वक प्राप्त नभएको निवेदनहरु छात्रवृत्ति छनौट प्रकृयाको लागि समावेश गरिने छैन ।

साथै यस विषयमा थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय सहित निम्न शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नु हुने छ ।

- केन्द्रिय कार्यालय : आइक्यान मार्ग, सातदोवाटो, ललितपुर सम्पर्क नं: ०१–५५३०७३०, ५५३०८३२
- विराटनगर शाखा : बसुन्धरा कम्प्लेक्स, रोडसेस चोक, विराटनगर सम्पर्क नं: ०२१–४७४३९५
- बुटवल शाखा : कालिकानगर ११, शान्तिपथ, बुटवल सम्पर्क नं: ०७१–५३३६२९
- विरगंज शाखा : घडिअरवा पोखरी १३, आर्दश नगर, विरगंज सम्पर्क नं: ०५१–५२२६६०
- पोखरा शाखा : नयाँ रोड, सभागृह चोक ८, पोखरा सम्पर्क नं: ०६१–५८७६७९
- नेपालगंज शाखा : सृष्टिहल रोड ११, नेपालगंज सम्पर्क नं: ०८१–५३००५०
- धनगढी शाखा : तारानगर, राष्ट्र बैंक रोड, धनगढी सम्पर्क नं: ०९१–५२७४९३

विनोद प्रसाद न्यौपाने
निर्देशक